नगर उप-प्रमुख श्रीमती सावित्रा गौतम ज्यूले

नगरसभामा पेश गर्नुभएको

# आर्थिक वर्ष २०८०/८१ को

# वजेट वक्तव्य

गुलरिया नगरपालिका

गुलरिया, वर्दिया

नेपाल

२०८० साल असार १० गते शुक्रवार

**गुलरिया नगरपालिकाको दशौं नगर सभाका आदरणीय सभाअध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू , सभाका सम्पुर्ण सदस्य ज्यूहरु, सम्पुर्ण कर्मचारी ज्यूहरु, पत्रकार ज्यूहरु तथा उपस्थित सम्पुर्ण मानुभावहरु,**

१. आज म यस नगरसभामा नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ वमोजिम नगर उप प्रमुखको हैसियतले आगामी आ.व २०८०।०८१ को आय व्याय विवरण (वजेट) प्रस्तुत गर्न उपस्थित भएकी छु ।

२. सर्वप्रथम यस गौरवान्वित अवसरमा म राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागी नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र वलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण गर्न चाहान्छु । साथै उक्त कार्यमा जीवन आहुति दिनु हुने ज्ञात अज्ञात शहीदहरुप्रति श्रद्धासुमन अर्पण गर्दै सम्पुर्ण सहिदका परिवार, बेपत्ता नागरिक तथा घाईते योद्धाहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

३. दोस्रो पटकको संघ, प्रदेश तथा स्थानीय तहको निर्वाचन सँगै नेपालको संविधानले अंगालेको संघीय लोकतान्त्रिक गणतन्त्रले मुर्तरुप पाएको देखिन्छ । “जनताको वरिपरि सेवा हुनुपर्दछ नकि सेवा वरिपरि जनता” भन्ने सार्वजनिक सेवाको मान्यतालाई वास्तवमै व्यवहारमा उतार्न जनताको नजिकको सरकारको रुपमा रहेका स्थानीय तहहरु हुन्छन भन्ने विषयलाई हामी सवैले आत्मसात गरेकौ छ । तसर्थ स्थानीय तहहरुलाई अझै वलियो, जनमुखी, प्रभावकारी, सेवा उन्मुख वनाउन तपाई हामी सवैको उत्तिकै भुमिका रहेको छ । सवैलाई यस कार्यमा सहयोग गर्न म आव्हान गर्दछु ।

**आदरणीय सभाअध्यक्ष ज्यू,**

४. नेपालले अन्तराष्ट्रियस्तरमा प्रतिवद्धता जनाई २०३० सम्ममा पुरा गर्ने गरी कार्यान्वयमा लगिसकेको दिगो विकास लक्ष्यहरु, पन्ध्रौं योजनाले अघि सारेको समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोचलाई व्यवहारमा उतार्न थोरै भएपनि यो वजेटले योगदान दिनेछ भन्ने कुरामा म विश्वस्त छु ।

५. आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा नेपालको संविधान, पन्ध्रौ योजना, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकार तथा लुम्विनी प्रदेश सरकारका नीति तथा कार्यक्रम र वजेट, गुलरिया नगरपालिकाको नीति तथा कार्यक्रम, नगरसभाका सदस्यहरुवाट प्राप्त सुझावलाई मार्ग निर्देशनको रुपमा लिनुका साथै गुलरियावासी नागरिक, राजनीतिक दल, नागरिक समाज, नीजि क्षेत्र लगायत सरोकारवालाबाट प्राप्त सुझावलाई आधार वनाएको छु ।

**आदरणीय सभाअध्यक्ष ज्यू,**

**अव म चालु आ.व २०७९।०८० को वजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थावारे जानकारी गराउन चाहान्छु ।**

६. चालु आर्थिक वर्ष २०७९।८० मा चालु तथा पुँजीगत खर्च गरी कुल १ अरव १३ करोड बजेट विनियोजन भएको थियो । यद्यपि विभिन्न समयमा सशर्त अनुदानमा रकम थपघट भई हाल कुल वजेटको सिमा करिव रु १ अरव २३ करोड कायम भएको छ । त्यसैगरी आन्तरिक राजस्व तर्फ रु ३ करोड ६० लाख प्रक्षेपण गरिएकोमा चालु आ.व को जेष्ठ मसान्त सम्म रु ३ करोड ५९ लाख अर्थात लक्ष्यको ९९ प्रतिशत संकलन भएको छ । यो हाल सम्मकै उच्च संकलन हो ।

७. यद्यपि संघ तथा प्रदेश सरकारवाट प्राप्त हुने राजस्व वाँडफाँडको रकम भने करिव ६७ प्रतिशत मात्र प्राप्त भएको अवस्था छ । साथै कोभिड महामारीको समयमा समेत असर नपरेको वित्तिय समानीकरण अनुदानमा यस वर्ष कटौती भएको छ । यसवाट चालु आर्थिक वर्षमा काम सम्पन्न भएका योजनाहरुको समेत भुक्तनी दिन नसकिने हो कि भन्ने सम्भवाना रहेको तपाईहरु सामु राख्न चाहान्छु ।

८. स्थानीय तहको निर्वाचन तथा त्यस पछिको व्यवस्थापन र सो लगतैको राष्ट्रिय निर्वाचन आदि विविध कारणवस अपेक्षित रुपमा वजेट कार्यान्वयनलाई अगाडी वढाउन सकिएन् । तथापी जेष्ठ मसान्त सम्म कुल विनियोजित वजेटको ५९ % खर्च भएको छ । यद्यपि सोही अवधिमा गत आ.व २०७८।७९ मा ६१ % खर्च भएको थियो ।

९. "उज्यालो गुलरिया अभियान" अन्तर्गत यस वर्ष नगरका छ स्थानमा हाईमाष्ट लाईट जडान कार्य सम्पन्न हुने क्रममा रहेको छ । यो सँगै नगर क्षेत्रका ११ स्थानमा हाईमाष्ट लाईट जडान भई नगर क्षेत्रमा हुने चोरी, डकैती, अपराध, लागु औषध सेवन जस्ता कार्यमा कमि आउनुका साथै रातको समयमा हिड्नुपर्ने वटुवा, विरामी आदिले लाभ प्राप्त गरेको अनुभुति गरेकी छु ।

१०. पुर्वाधार विकास तर्फ यस वर्षको वजेटको पुर्ण कार्यान्वनसँगै नगर तर्फको वजेटवाट करिव १५ किमि ग्राभेल रोड निर्माण, १० किमि ग्राभेल सडक मर्मत तथा ५ किमि कालोपत्रे सडक निर्माण सम्पन्न भएको हुनेछ ।

११. सार्वजनिक सम्पत्तिको संरक्षण, स्थानीय तहको दायित्व अन्तर्गत गुलरिया नगरपालिकाले सर्जुनदी करिडोर, भगहर ताल, कृष्णसार ताल, कोटही ताल, छठीमाता ताल आदि विभिन्न तालतलैयाहरुको संरक्षणको साथसाथै माछापालन मार्फत आन्तरिक आम्दानी वृद्धिमा योगदान पुऱ्याएको छ । साथै आगामी दिनमा यि क्षेत्रहरु पर्यटकीय क्षेत्रको रुपमा विकास भई गुलरिया नगरपालिकाको स्थायी आय आर्जनको माध्यम हुन सक्ने विश्वास लिएकी छु ।

१२. स्थानीय स्रोत साधन, कच्चा पदार्थ, प्रविधि र सीपको परिचालन गरि लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गरी रोजगारी सृजना मार्फत अर्थतन्त्रमा टेवा पुऱ्याउन नेपाल सरकारको एक पालिका एक औद्योगिक ग्राम कार्यक्रम अन्तर्गत गुलरिया नगरपालिका वडा नं. ८ कुडियापरी १२ विगाहा क्षेत्रमा औद्योगिक ग्रामको आधारभुत पुर्वाधार अन्तर्गत चारैतिर पर्खाल निर्माण कार्य सम्पन्न हुने क्रममा रहेको छ ।

१३. कृषि व्यवसायको प्रवर्द्धनका लागि विविध अनुदानका कार्यक्रमहरुको कार्यान्वयन, वजारीकरणको लागि संकलन केन्द्र तथा प्रदर्शन स्थलको निर्माण, किसानको क्षमताको अभिवृद्धिको लागी स्थलगत तालिम, सिंचाई व्यवस्थाको लागी मोटर इञ्जन वितरण तथा कृषि विद्युतीकरण, कृषि आधुनिकिकरणमा टेवा पुऱ्याउन आधुनिक कृषि औजार वितरण तथा स्थानीय संभावनाका आधारमा बाख्रा, मकै, वेसार, धान आदि पकेट विकास कार्यक्रम कार्यान्वयन गरिएका छन् ।

१४. शिक्षक दरवन्दी मिलान, तहगत रुपमा स्थायी प्रधानाध्यापक व्यवस्थपन तथा कम्तिमा एकै स्थानमा ५ वर्ष कार्यरत शिक्षकहरुलाई सरुवा मार्फत

नयाँ अनुभव प्रदान, प्र.अ तथा वि.व्या.स पदाधिकारीहरुलाई क्षमता विकास तालिम, आधारभुत तह कक्षा १ देखी ८ सम्मको स्थानीय पाठ्यसामाग्री निर्माण तथा कार्यान्वयन मार्फत "शिक्षा क्षेत्र पञ्चवर्षिय योजना (EDUCATION SECTOR PLAN) २०७८ – २०८३" लाई क्रमश कार्यान्वयन गर्दै लगिएको छ ।

**आदरणीय सभाअध्यक्ष ज्यू**

**<u>अव म आर्थिक वर्ष २०८०।८१ को वजेटको उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।</u>**

१५. आर्थिक वर्ष २०८०।८१ को वजेटका उद्देश्य तथा प्राथमिकताहरु देहाय वमोजिम निर्धारण गरिएका छन् :

क) कृषि तथा पशुपंक्षी क्षेत्रको विकास र सुधार गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै स्वरोजगारी सिर्जना गर्ने,

ख) नगरवासीलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने,

ग) गुणस्तरीय शिक्षा अभिवृद्धिमा विशेष जोड दिने,

घ) स्थायी भौतिक पुर्वाधारको विकासमा जोड दिने,

ङ) विकास निर्माणमा जनसहभागिता अभिवृद्धिको साथै स्थानीय रोजगारी सृजना गरी आर्य आर्जनमा ठोस योगदान पुऱ्याउने आदि

**आदरणीय सभाअध्यक्ष ज्यू,**

**<u>अव म आर्थिक वर्ष २०८०।८१ को व्याय अनुमान पेश गर्ने अनुमति चाहान्छु ।</u>**

१६. आगामी आर्थिक वर्षको लागी समपुरक अनुदान तर्फ संघीय सरकारवाट वडा नं. १ तिकुनिया चोक हुँदै मधुवनको सिमाना र लेगपिस वाट १४ नं. र १५ नं. गाउँ जाने सडक कालोपत्रे निर्माण कार्यका लागी रु ८० लाख वरावरको रकम प्रतिवद्धता प्राप्त भएको छ । त्यसैगरी लुम्विनी प्रदेश सरकारवाट पनि वडा नं. २ जैनपुर गाउँदेखी गुजराना तथा भित्री सडकहरु कालोपत्रे तथा नाली निर्माण कार्यका लागी रु ७० लाख वरावरको रकम प्रतिवद्धता प्राप्त भएको छ । तसर्थ गुलरिया नगरपालिकाको तर्फवाट पनि सोही परिमाणमा रकम विनियोजन गर्नुपर्ने भएको तथा अन्य निकायवाट

प्राप्त वजेटमा समेत साझेदारी गर्नका लागी रु ४ करोड रकम विनियोजन गरेकी छु ।

१७. आगामी आ.व मा सशर्त अनुदान तर्फ संघीय सरकारवाट रु ३१ करोड ४० लाख र प्रदेश सरकारवाट रु ८१ लाख रकम वरावरको योजना तथा कार्यक्रम प्राप्त भएको छ । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह वीचको सम्वन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने अर्थात सहकारीतामुलक संघियतालाई स्वीकार गरेकाले संघ र प्रदेश सरकारवाट यस नगरपालिकाको लागी तोकिएका योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिईने छ ।

## विषयगत शाखा

१८. स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य निर्देशित कानुनहरुले स्थानीय तहमा समष्टिगत, दिगो र फराकिलो आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्तिको लागी स्वास्थ्य, शिक्षा, कृषि, पशुपंक्षी, सहकारी, महिला तथा बालबालिका, आयुर्वेद जस्ता विषयगत शाखाहरुको व्यवस्था गरेको छ । सशर्त अनुदान मार्फत निश्चित कार्यक्रम निर्धारण हुने भएतापनि ती अप्रयाप्त नै हुने भएकोले अपेक्षित लक्ष्य प्राप्तिको लागी आगामी आ.व मा विषयगत शाखा तर्फको कार्यक्रम कार्यान्वयनको लागी आवश्यक वजेट विनियोजन गरेकी छु ।

## शिक्षा :

१९. नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने मौलिक हकको प्रत्याभुति गरेको छ । त्यसैगरी आधारभुत र माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहलाई सुम्पिएको छ । तसर्थ उक्त व्यवस्थाको व्यवहारिक कार्यान्वयनको खातिर विभिन्न शैक्षिक शुल्कहरुलाई पुर्णरुपमा निरुत्साहित गर्दै आगामी आ.व देखी माध्यामिक तह (११–१२) सञ्चालन तथा व्यवस्थापन अनुदान निश्चित कार्यविधिको आधारमा उपलव्ध गराउन रु ३० लाख वजेट व्यवस्था गरेकी छु ।

२०. “गुणस्तरीय शिक्षा, गुलरिया नगरपालिकाको इच्छा” भन्ने नारालाई पुरा गर्न त्रैमासिक रुपमा वडास्तरीय परिक्षा सञ्चालन, सांगितिक तथा शारीरीक व्याम एवमं प्राथाना व्यवस्थापन, स्मार्ट कक्षाकोठा निर्माण, विद्यार्थीलाई इनाम–शिक्षकलाई सम्मान कार्यक्रम, युवा प्रतिभा पहिचान कार्यक्रम, नियमित विद्यालय अनुगमन मुल्यांकन प्रणाली जस्ता उपकरण मार्फत प्रभावकारी वनाईने छ । यसका लागी रु.२८ वजेट विनियोजन गरेकी छु ।

२१. राष्ट्रका लागी खेलकुद स्वास्थ्यको लागी खेलकुद भन्ने राष्ट्रिय नारालाई थप सार्थक वनाउन आगामी आ.व मा नगर खेलकुद (विकास, सञ्चालन तथा व्यवस्थापन) कार्यविधि तर्जुमा गरी खेलकुद विकास कार्यक्रमलाई अगाडी वढाईनेछ । पछिल्ला दिनहरुमा क्रिकेटमा नेपालले गरिरहेको उच्चस्तरको प्रदर्शनवाट हौसिदै उक्त क्षेत्रमा नयाँ खेलाडी उत्पादन तथा मौजुदा खेलाडीको क्षमता विकास गर्न यस वर्ष माध्यामिक विद्यालयस्तरीय प्रथम मेयर कप क्रिकेट प्रतियोगिता आयोजना गरिनेछ । साथै विगत देखी सञ्चालन हुदै आएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिदै नगरस्तरीय खेलकुद कार्यक्रमका लागी रु २२ लाख वजेट विनियोजन गरेकी छु ।

२२. विद्यालयहरुलाई समावेशी तथा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छताका सुविधाहरु, किशोरीहरुमा हुने महिनावारी व्यवस्थापन युक्त वनाई “विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्वन्धी कार्यविधि, २०७४” को आधारमा गुणस्तर कोडिङ गरिने अभियान सञ्चालन गर्दै आगामी आ.व मा कम्तिमा एउटा विद्यालयलाई थ्रि स्टार घोषणा गर्न रु १८ लाख वजेट विनियोजन गरेकी छु ।

**स्वास्थ्य :**

२३. स्वास्थ्य संस्थामा पहुँच तथा स्वास्थ्यकर्मीको उपलव्धता जस्ता पहिलो पुस्ताका आवश्यकताहरु करिव करिव पुरा भईसकेको वर्तमान अवस्थामा अव हाम्रो आवश्यकता भनेको सुविधासम्पन्न स्वास्थ्य भवन, योग्य, सक्षम र विशेषज्ञ स्वास्थ्यकर्मी, प्रयोगशाआला सेवा, सुलभ तथा निशुल्क औषधीको

उपलव्धता जस्ता गुणस्तरीय स्वास्थ्य सेवाका मापदण्डहरुको व्यवस्थापन हो । यस विषयलाई मध्यनजर गर्दै आगामी आ.व देखी खैरापुर स्वास्थ्य चौकीवाट क्षयरोग परीक्षण सेवा सुरु गरिनेछ । त्यसैगरी अन्य स्वास्थ्य संस्थाहरुमा समेत प्रयोगशाला सेवालाई विस्तार गरिनेछ । यसका लागी आवश्यक वजेट विनियोजन गरेकी छु ।

२४. शतप्रतिशत प्रसुति सेवा स्वास्थ्य संस्थावाट मात्र होस भन्ने अभिप्रायले विगत देखी नै लागु गरिरहेको सुत्केरी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएकी छु । साथै मातृ मृत्यु तथा नवजात शिशु मृत्युदरमा न्युनिकरण गर्न आगामी आ.व देखी एयर कन्डिसनर लेवर रुम कुपोषण, पुड्कोपना जस्ता स्वास्थ्य समस्याको निरुपणको लागी गर्भवती पोषिलो खाना कार्यक्रम, सन्तुलित खाना योजना, खोप योजना, गर्भवती पुर्व तथा पश्चातको जोखिम अवस्था जस्ता विषय समावेश गरिएको मदर चाईल्ड कार्ड वितरण कार्यक्रम जस्ता कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागी करिव रु १२ लाख रकम विनियोजन गरेकी छु ।

२५. लागु औषध सेवन, उमेर नपुगी हुने भागी विवाह, महिनावारी स्वास्थ्य, परिवार नियोजन, सुरक्षित मातृत्व, यौन रोग, शारिरीक तथा मानसिक स्वास्थ्य जस्ता विषयहरुमा विद्यार्थीहरुमा ज्ञान तथा चेतना अभिवृद्धि मार्फत दिगो विकास लक्ष्यहरु हासिल गर्न आगामी आ.वमा स्कुल हेल्थ कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. स्थानीय सरकार जनताको पुर्व गर्भ देखी चिहान पश्चात (Pre Womb to Post Tomb) सम्मका क्रियाक्लापमा हातेमालो गर्दै हिड्नुपर्दछ भन्ने सिद्धान्तमा आधारित व्यवस्था हो । यसै सिद्धान्तलाई आत्मसात गर्दै आगामी आ.व देखी ६० वर्ष पुरा भएका गरिव विपन्न जेष्ठ नागरिक लाई निशुल्क एम्वुलेन्स सेवा तथा सम्पुर्ण गुलरिया वासी जनतालाई निशुल्क शव वहान सेवा उपलव्ध गराईने छ । यसका लागी रु ५ लखा वजेट विनियोजन गरेकी छु ।

## कृषि तथा पशुपंक्षी

२७. कृषि तथा पशु प्राविधिकहरु किसानले खोजेको बखत उपलव्ध हुने व्यवस्था थप प्रभावकारी वनाउन आवश्यक प्रवन्ध मिलाईनेछ । किसान सुचीकरण तथा अभिलेखिकरण कार्यक्रमलाई यसै आ.व मा सम्पन्न गर्दै

किसान कार्ड वितरण गरि संघीय सरकारको “उत्पादन साथमा, अनुदान हातमा” भन्ने नाराका साथ कृषि अनुदानलाई उत्पादनमा आधारित वनाउने कार्यक्रमलाई पुर्णरुपमा अनुशरण गर्न प्रयास गरिनेछ । यसका लागी आवश्यक वजेट विनियोजन गरेकी छु ।

२८. गुलरिया नगरवासीले उत्पादन गरेका कृषि तथा पशु वालीको उत्पादनमा हुनसक्ने क्षति न्युनिकरण गर्न चालु आ.व देखी कायान्वयनमा लगिएको कृषि तथा पशु विमा प्रिमियममा १५ प्रतिशत अनुदानलाई निरन्तरता दिन रु १५ लाख वजेट विनियोजन गरेकी छु ।

## महिला बालवालिका

२९. गुलरिया नगरपालिकाद्धारा सञ्चालित हिंसा पिडित सेवा केन्द्रलाई सुविधासम्पन्न वनाई पारिवारिक मिलन केन्द्र, मानसिक उपचार केन्द्र आदिको रुपमा विस्तार गर्ने नीतिलाई निरन्तरता दिएकी छु ।

३०. महिला तथा बालवालिकाको क्षेत्रमा विविध कार्यक्रमहरु कार्यान्वयन गर्न तथा महिला सेवा केन्द्र सञ्चालन गर्न रु ३३ लाख वजेट विनियोजन गरेकी छु ।

## सहकारी

३१. सहकारी सदस्यहरुलाई सहकारीका सिद्धान्त अनुसार मात्र आफ्ना कार्यक्रमहरु सञ्चालन गर्न क्षमता विकास तालिमहरु उपलव्ध गराई नगरपालिकावाट प्रयाप्त अनुगमनको व्यवस्था मिलाईनेछ ।

## वडा तथा नगर

३२. स्थानीय तह अन्तर्गत वडा कार्यालयहरु वास्तवमै आम जनताको सवैभन्दा पहँच र प्रभाव रहने सेवा केन्द्रहरु मानिन्छन् । फलतः आम जनताका वास्तविक आवश्यकता तथा चाहानहरु वजेटमा प्रतिविम्वित हुन सकुन भन्ने अभिप्रायले वस्तीस्तरका योजनाहरुको छनौट वडा कार्यालयवाटै हुने गर्दछन् । उक्त कार्यका लागी प्रति वडा ६० लाखका दरले कुल ७ करोड २० लाख वजेट विनियोजन गरेकी छु ।

३३. “उज्यालो गुलरिया अभियान” अन्तर्गत आगामी आ.वमा वडा नं. ११ गणेशपुर चोक र वडा नं. ५ सोहेलवा चोकमा हाईमाष्ट लाईट जडान गरिनेछ ।

३४. “सुरक्षित शहर, नागरिकको रहर” भन्ने नाराका साथ नगरका मुख्य मुख्य चोकहरुमा सि.सि.टि.भी क्यामेरा जडान गरिनेछ । साथै वैंक तथा वित्तिय संस्था, निजी कम्पनी, व्यावसाय जस्ता नाफामुलक संस्थाहरुको सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility -CSR) अन्तर्गतको रकमलाई यसै योजनामा लगानी गर्न प्रोत्साहित गरिनेछ । यसका लागी रु २० लाख वजेट विनियोजन गरेकी छु ।

३५. चालु आ.व मा वडा नं. ३ र ७ को वडा भवन निर्माण कार्य भईरहेकोमा आगामी आ.वमा थप वडा नं. २ को वडा भवन निर्माण सम्पन्न हुने लक्ष्य लिएकी छु । यसका लागी रु १ करोड ४० लाख वजेट विनियोजन गरेकी छु ।

३६. “सडक पुर्वाधार, विकासको आधार” भन्ने मुल नाराका साथ स्थानीय सरकारको गठनदेखी नै सडक निर्माण कार्यलाई अगाडी वढाएकोमा उक्त नाराको औचित्व अझैपनि समाप्त भई नसकेकोले आगामी आ.व मा पनि नयाँ सडकको ट्रयाक खोल्ने, सडक ग्राभेल, सडक कालोपत्रे तथा पक्की नाली निर्माण गर्ने कार्यलाई निरन्तरता दिएकीछु । यस अन्तर्गत नगरस्तरीय वजेटवाट तपशील वमोजिमका योजनाहरु प्रस्ताव गरेकी छु ।

तपशील :

| सि.नं. | आयोजनाको नाम | वजेट रकम | कै. |
|---|---|---|---|
| १ | वडा नं. २ किशोर यादवको घर देखी उत्तर पुर्व काली मन्दिर जाने सडक कालोपत्रे निर्माण | ४० लाख | |
| २ | वडा नं. ४ गुलरिया दोस्रो खानेपानी आयोजनामा मर्मत तथा पाईप लाईन विस्तार | १० लाख | |
| ३ | वडा नं. ४ राम वजारको कालिका मन्दिर निर्माण | १० लाख | |

| | | | |
|---|---|---|---|
| ४ | वडा नं. ५ ओमशान्ती टोलमा क्रमागत कालोपत्रे निर्माण | २० लाख | |
| | वडा नं. ६ मा रहेको नेपाल वार एसोसिएसन भवन मर्मत संम्भार | १० लाख | |
| ५ | वडा नं. ७ मातंगी चोक देखी वसपार्क जाने सडक कालोपत्रे निर्माण | ३० लाख | |
| ६ | वडा नं. ७ बच्चन मनिहारको घरदेखी कुलानन्दको घर हुदै कुडिया सर्जुनदी जोडने सडकमा नाली निर्माण | २० लाख | |
| ७ | वडा नं. ८ औद्योगिक ग्रामको पर्खाल वरिपरि तथा नयावस्ती जाने सडक ग्राभेल निर्माण | ५० लाख | |
| ८ | वडा नं. ९ हरिपासीको घरहुदै कृष्ण गुरूङको घर सम्म जाने वाटो कालोपत्रे निर्माण | ५० लाख | |
| ९ | वडा नं. ११ कट्टी लालपुर गाउमा पक्की नाली निर्माण | २० लाख | |
| १० | वडा नं. १२ हेगना कल्भर्ट देखी पश्चिम झोलुङ्गे पुल जाने वाटो ग्राभेल निर्माण | ४० लाख | |

३७. नेपालको संविधानले परिकल्पना गरेको स्थानीय अदालतको अवधारणालाई मुर्तरुप दिन आवश्यक व्यवस्था मिलाईनेछ । साथै न्याय दिएर मात्र हुँदैन पाएको अनुभुति गराउन सक्नुपर्दछ भन्ने कानुनको सर्वमान्य मान्यताको कार्यान्वयनको लागी न्यायिक समितिका सदस्यहरुको क्षमता विकास तथा आम नागरिकको पँहुच अभिवृद्धि गर्न आवश्यक जनचेतानमुलक कार्यक्रम, सडक नाटक, मेलमिलाक कर्ता निर्माण तथा क्षमता विकास तालिम जस्ता प्रयाप्त र आवश्यकतामा आधारित कार्यक्रमहरु सञ्चालन गर्न रु २० लाख वजेट विनियोजन गरेकीछु ।

३८. "जेष्ठ नागरिकको सम्मान गुलरिया नगरपालिकाको अभियान" भन्ने नाराका साथ विपन्न, असहाय, अशक्त जेष्ठ नागरिकहरुलाई आवश्यकतामा आधारित सामाग्री वितरण गरिनेछ । साथै बैंकिङ्ग प्रणाली मार्फत वितरण हुदै आएको सामाजिक सुरक्षा भत्ता सम्वन्धित लाभग्राहीले अपेक्षा गरे भन्दा सहज तरिकाले तथा छिटो समयमा नै प्राप्त गर्ने प्रवन्ध मिलाउन वैंक तथा वित्तिय संस्थाहरु सँग समन्वय तथा सहकार्य गरिनेछ । साथै आवश्यकता अनुसार वितरण केन्द्रहरुको विस्तार समेत गरिनेछ ।

३९. गुलरिया नगरपालिकाबाट हुने करिव ५० प्रतिशत भन्दा वढी भुक्तानी कारोवारलाई विद्युतीय प्रणाली मार्फत गरी कार्यालयमा फाईल पेश गरेपछि पुनः कार्यालय तथा बैंक धाउने नभई मोवाईलको म्यासेज टोन सुन्ने अवस्था सृजना गरिएकोमा आगामी आ.व मा यसको दायरा १०० प्रतिशत पुऱ्याईनेछ ।

**आदरणीय सभाअध्यक्ष ज्यू,**

४०. बजेटमा उल्लेखित उद्देश्य पुरा गर्न तोकिएका प्राथमिकता र सिद्धान्तमा आधारित रही आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु १ अरव ५ करोड ५० लाख वजेट विनियोजन गरेकी छु ।

४१. आगामी आर्थिक वर्षमा सञ्चालन हुने कार्यक्रमका लागी खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु ३ करोड ६२ लाख, राजस्व वाँडफाँडवाट रु १४ करोड ६२ लाख, वित्तिय समानीकरण अनुदानवाट रु १८ करोड १३ लाख, सशर्त अनुदानवाट रु ३२ करोड २१ लाख, समपुरक अनुदानवाट रु २ करोड ३० लाख, विशेष अनुदानवाट रु १ करोड ५० लाख, सडक वोर्ड अनुदानवाट ६० लाख, कोष तथा लेखा नियन्त्रक कार्यालयवाट खर्च हुने २२ करोड अनुमान गरेकी छु ।

४२. प्रस्तुत वजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने आदरणीय नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यहरु, कार्यालयका शाखा प्रमुखहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै बजेट तर्जुमा कार्यमा उपयोगी सल्लाह सुझाव र सहयोग गर्नुहुने आम मतदाता, राजनीतिक दल, निजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, राष्ट्रसेवक लगायत सम्पुर्ण गुलरियावासी आमा वुवा, दाजुभाई, दिदिवहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

# धन्यवाद